**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १४ मई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१.भारतीय जनता पार्टी का बरिस्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बङ्गालबाट अवैध घुसपैठ र रोहिंग्याहरूलाई हटाइने बताउनुभएको छ।

२.केन्द्र सरकारले लिबरेशन टाइगर्स अफ तमिल इलम (लिट्टे) माथिको प्रतिबन्धलाई अझ पाँच वर्षका लागि बढाएको छ।

३.दार्जीलिंगका लोकसभा सांसद एव भाजपाका राष्ट्रीय प्रवक्ता राजु बिस्टले कालेबुङमा एउटा निजी कम्पनीद्वारा जथाभावी अवैध उत्खनन कार्य गरिएको विरुद्ध जाँच गर्न तथा कानून अनुसार आवश्यक कारवाही गर्ने माग गर्नुभएको छ स

४.मिरिकका बाल गायिका इशा राईको गीत दार्जीलिंग को टोय ट्रेन सार्वजनिक गरिएको छ स

**भाजपा अमित शाह**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बङ्गालको उत्तर २४ परगना जिल्लाको मतुआ बाहुल्य क्षेत्रमा आयोजित चुनावी रैलीलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री ममता बनर्जीमाथि कठोर प्रहार गर्नुभएको छ । श्री शाह ले राज्यमा ममता दिदि को समय समाप्त भएको बताउनुहुदै यस पटक पश्चिम बङ्गालमा भाजपाले लोकसभा चुनाउमा ३० सिट जितेमा आगामी विधानसभा चुनावमा भाजपाले पनि राज्यमा सरकार बनाउने दाबी गर्नुभएको छ।वर्तमान सांसद तथा भाजपाका उम्मेदवार शान्तनु ठाकुरको समर्थनमा आयोजित जनसभालाई सम्बोधन गर्दै शाहले सन् २०१९ मा जब मतुआ र नामशूद्र समुदायका मानिसहरूले शान्तनु ठाकुरलाई सांसद बनाएको उल्लेख गर्नुहुदै ए प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा राम मन्दिर निर्माणको मार्ग प्रशस्त भनी बताउनु भयो स

****** ० ******

**केन्द्र सरकार – लिट्टे**

केन्द्र सरकारले लिबरेशन टाइगर्स अफ तमिल इलम (लिट्टे) माथिको प्रतिबन्ध लाई अझ पाँच वर्षका लागि बढाएको छ। गृह मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छए शलिट्टेको गतिविधिलाई ध्यानमा राख्दै केन्द्र सरकारले यो निर्णय गरेको हो जसले भारतको सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई खतरामा पारिरहेको छ। भारतीय नागरिकहरुको सुरक्षाका लागि गम्भीर खतराका रूपमा रहेको लिट्टेको विध्वंसकारीए बिछिन्नतावादी गतिविधिलाई मन्त्रालयले प्रतिबन्धको कारणको रूपमा उल्लेख गरेको छ। सरकारले सन् २०१९ को मई महिनामा लिट्टेलाई गैरकानुनी संगठन घोषणा गर्दै पाँच वर्षका लागि प्रतिबन्ध लगाएको थियो।

****** ० ******

**लोकसभा -नामांकन को अन्तिम दिन**

लोकसभा चुनावको सातौं र अन्तिम चरण चरणमा सात राज्य र एक केन्द्र शासित प्रदेशका ५७ लोकसभा सिटका लागि मतदान हुनेछ। आज यस चरण को लागी नामांकन भर्ने अन्तिम दिन थियो सयस चरणमा उत्तर प्रदेश र पञ्जाबका १३–१३ए पश्चिम बङ्गालका नौए बिहारका आठए उडिसाका छए हिमाचल प्रदेशका चारए झारखण्डका तीन र केन्द्रशासित प्रदेश चण्डीगढका एक सिटमा सातौँ र अन्तिम चरणमा मतदान हुँदैछ। नामांकन पत्रोहरुको जाच भोलि हुनेछ। नामांकन पत्र फिर्ता लिने अन्तिम दिन शुक्रबार रहेको छ। सातौं र अन्तिम चरणको मतदान १ जुनमा हुनेछ।

****** ० ******

**युनेस्को -राम चरित मानस**

युनेस्कोको शबिश्व एसिया प्रशान्त क्षेत्रीय अनुस्मरण रजिस्टरश्मा रामचरित मानसए पञ्चतन्त्र र सहहृदयलोक–लोचनलाई समावेश गरिएको छ। संस्कृति मन्त्रालयले यो समावेशीकरण भारतका लागि गर्वको क्षण भएको उल्लेख गर्दै देशको समृद्ध साहित्यिक र सांस्कृतिक सम्पदालाई पुष्टि गरेको छ । यसले हाम्रो साझा मानवतालाई आकार दिने विविध आख्यान र कलात्मक अभिव्यक्तिहरूको पहिचान र संरक्षणको महत्वलाई उजागर गर्दै विश्वव्यापी सांस्कृतिक संरक्षणको प्रयासको निरन्तरतालाई सङ्केत गर्दछ। श्रामचरितमानसश्ए श्पञ्चतन्त्रश् र श्सहरिदायलोक-लोकनश् भारतीय साहित्य र संस्कृतिलाई गहिरो प्रभाव पार्ने कालजयी कृतिहरू हुन्।

****** ० ******

**निर्वाचन आयोग**

निर्वाचन आयोगले आफूले ९० प्रतिशतभन्दा अधिक उजुरीको निस्तारण भइसकेको र कांग्रेस र भाजपाबाहेक अन्य राजनीतिक दलहरुबाट कुनै पनि ठूलो उजुरी नरहेको जनाएको छ। आयोगले आज एक विज्ञप्ति जारी गर्दै विभिन्न राजनीतिक दल र उम्मेदवारहरुबाट ४२५ ठूला उजुरी परेको जनाएको छ। जसमध्ये चार सय मुद्दामा कारबाही वा मुद्दा टुंगो लागेको छ। चुनाउ आयोगले भनेको छ - 170 उजुरी कांग्रेस द्वारा, जबकि 95 भाजपा द्वारा र 160 उजुरी अन्य दलहरु द्वारा दायर गरिएको थियो। आयोगले कांग्रेस र भाजपाका केही उजुरीहरू आचारसंहिता उल्लङ्घन गरेको आरोपमा एकअर्का विरुद्ध विचाराधीन रहेको बताएको छ। विगतमा आयोगले चुनाउ आचार सहिता उल्लंघन गर्ने व्यक्तिगत नेताहरुलाई नोटिस जारी गर्दै आएको छ।

****** ० ******

**राजु विस्ट -कालेबुंग**

कालेबुङमा एउटा निजी कम्पनीद्वारा जथाभावी अवैध उत्खनन कार्य गरिएको विरुद्ध जाँच गर्न तथा कानून अनुसार आवश्यक कारवाही गर्नका लागि दार्जिलिङक लोकसभा सांसद एव भाजपाका राष्ट्रीय प्रवक्ता राजु बिस्टले आज भारतको सर्वोच्च न्यायालयद्वारा गठित पर्यावरण सम्बन्धी केन्द्रीय अधिकारप्राप्त समितिका माननीय सदस्य/ सचिवलाई संज्ञान लिने अनुरोध गरेको बताउनु भएको छ स श्री बिस्टले आज एक प्रेस बिज्ञप्ति जारी गर्नुहुदै भन्नुभएको छ - कालेबुङ जिल्ला पूर्वी हिमाली क्षेत्रमा अवस्थित छए अनि यो ३२ आई.यु.सी.एन जैवविविधता हटस्पटको एक भाग हो। यो क्षेत्र नाजुक उच्च हिमाली पर्यावरण र जैवविविधता क्षेत्र हो। यो क्षेत्र भूकम्पीय क्षेत्र चार अन्तर्गत पर्दछ अनि उच्च भूकम्पको जोखिम अनि बारम्बार भूकम्प गइरहनु यहाँ सामान्य छ। उहाले अझ भन्नुभएको छ -सन् २०१८ पश्चात कालेबुङ जिल्ला प्रशासनले उत्खनन अधिकारहरू एउटा स्थानीय राजनेताको स्वामित्ववाला एउटा विशेष कम्पनीलाई हस्तान्तरित गरेको छ।यस बिषयमा यस अघि केन्द्रीय सरकारद्वारा कारवाही शुरु गर्न स्पष्ट निर्देशहरू दिइएको भए तापनि आजसम्म पश्चिम बङ्गाल वन विभाग, प्रदूषण नियन्त्रण बोर्ड वा अन्य कुनै निकायद्वारा कुनै किसिमको कारवाही गरिएको छैन। उहाले भन्नुभएको छ - ती अवैध उत्खननले गर्दा जमीनमा चिराहरू पर्दैछन्ए जल प्रदूषणए धूलोमाटो र वायु प्रदूषण भइरहेको छए तथा इच्छे बस्ती , बुद्धयाङ बस्ती, सामदुङ बस्तीए धजे बस्ती, प्रिमताम बस्ती, सिन्देबोङ बस्ती अनि वरिपरिका क्षेत्रहरूमा बसोबासो गर्ने मानिसहरूको जीवन र आजीविका नष्ट भइरहेको छ भन्ने जानकारी दिइएको छ। श्री बिस्टले पश्चिम बङ्गाल वन विभागए अनि प्रदूषण नियन्त्रण बोर्ड आवश्यक कारवाही गर्न असफल भएका बताउनुभएको छ।

****** ० ******

प्रसार भारती

प्रसार भारतीका चेयरमेन नवनीत सहगलले आज नयाँ दिल्लीस्थित आकाशवाणी मुख्यालयको भ्रमण गर्दै अधिकारीहरूसँग अन्तरक्रिया गर्नुभएको छ । श्री सहगलले समाचार सेवा विभागए प्रोग्रामिङ र ईन्जिनियरिङ् विभागका अधिकारीहरूसँग आकाशवाणीको कार्यप्रणाली र प्रमुख चुनौतीहरूको बारेमा विस्तृत चर्चा गर्नुभयो उहाले गुणस्तरीय सामग्री

उत्पादन गर्न सुधार आवश्यक पर्ने प्रमुख क्षेत्रहरूमा पनि प्रकाश पार्नुभयो। यस अवसरमा बोल्दै श्री सहगलले आकाशवाणीलाई अझ प्रभावकारीए लचिलो र व्यवहारिक संस्था बनाउनुपर्नेमा जोड दिनुभएको छ । उहाले डिजिटल माध्यमबाट अधिक भन्दा अधिक श्रोताहरु माझ पुग्ने बताउनु भएको छ ।

****** ० ******

****** ० ******

**<u>नोबेल पुरस्कार विजेता गुरुदेव रवींद्रनाथ टैगोर</u>**

राजधानी नयाँ दिल्लीस्थित इन्दिरा गान्धी राष्ट्रिय कला केन्द्रमा नोबेल पुरस्कार विजेता गुरुदेव रवीन्द्रनाथ टैगोरका दुर्लभ तस्वीर र चित्रहरूको प्रदर्शनी राखिएको छ। प्रदर्शनीमा गुरुदेवको जीवनका महत्वपूर्ण क्षणका तस्बिर र उहाले बनाएका चित्रहरू पनि समावेश छन्। यस संग्रह उहाको पर्यावरणीय प्रयास र फ्रान्ससँगको सम्बन्धलाई पनि प्रदर्शित गर्दछ। रेनेस युनिभर्सिटीका प्राध्यापक फाबिया शाटियाले आकाशवाणी समाचारसँग कुरा गर्दै टैगोरका चित्रहरूको वैश्विक लोकप्रियतामाथि प्रकाश पार्नुभयो।

****** ० ******

**<u>बाइसन</u>**

कुचबिहार जिल्लाको माथाभांगा –२ रामथेंगा क्षेत्रमा आज एक बाइसनले ताण्डव मच्चाएको छ । घन्टौंको कठोर मिहिनेतपछि वन विभागले बाइसनलाई समातेर सफल बन्यो । घटनामा कुनै मानवीय क्षति भने भएको छैन। बन बिभाग सुत्र अनुसार ,स्वास्थ्य जाच पछि बाइसनलाई घना जङ्गलमा छाडिनेछ।

****** ० ******

**<u>संदेशखाली - बीजेपी नेता</u>**

सन्देशखाली का भाजपा नेता गंगाधर कयाल विरुद्ध थप जाच अघि बढ्ने छैन। कलकत्ता उच्च अदालतले मौखिक रूपमा भनेको छ कि एफआईआरमा कुनै कठोर कारबाही गरिने छैन। न्यायमूर्ति जय सेनगुप्ता ने सुनवाई स्थगित गरेको छ। इस मामिलाको अर्को सुनवाई आगामी शुक्रवार हुनेछ

****** ० ******

**<u>गीत लोकार्पण -मिरिक</u>**

मिरिक थर्बु नन्दलाल गाउँ निवासी एंव भोइस अफ नेपाल किड्स प्रतियोगिताका प्रतियोगी बाल गायिका इशा राईको गीत दार्जीलिंग को टोय ट्रेन हिज सार्वजनिक गरिएको छ स शब्द अनि संगीत गायक जितेन लेप्चाको रहेको उक्त गीतको रेकर्डिङ मिरिकमा गरिएको छ स यस अवसरमा बोल्नुहुदै गायक जितेन लेप्चाले गीत को मध्यम द्वारा बिश्व विख्यात दार्जिलिङको टोय ट्रेनलाई अझ सम्वृद्ध बनाउने उदेश्य राखिएको जानकारी दिनुभएको छ स

****** ० ******